**नगर कार्यपालिका बैठक,** **मितिः २०८०।०६।०७ गते आइतवार**

**प्रस्तावनाहरुः**

१. बैठकको निर्णयको समिक्षा सम्बन्धमा ।

२. फोहोरमैला व्यवस्थापनका लागी IEE र SIA तयार गर्ने सम्बन्धमा ।

३. सरसफाई कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा ।

४. सार्वजनिक नीजि साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।

५. Office Automation System संचालन गर्ने सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर कार्यापालिकाले यस अघि गरेका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा इनरुवा नगरपालिका वडा नं. ८ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरी संचालन गर्न कुहिने नकुहिने फोहोरलाई वर्गीकरण गर्ने, कुहिने फोहोरबाट मल बनाउने, नकुहिने फोहोरलाई सम्भव भएसम्म विक्रि/व्यवस्थापन गरी आम्दानीको श्रोतमा परिणत गर्ने गरी चालु आ.व.मा थप भौतिक संरचनाहरु निर्माण भईरहेकोमा यस अघि तयार गरीएको प्रारम्भिक वातावरणीय परीक्षणको समयावधी २ वर्ष नाघिसेको र उक्त फोहोरमैला व्यवस्थापन केन्द्रको उद्देश्य समेत यस अघिको भन्दा फरक रहेकोले उक्त केन्द्रलाई स्रोत पुनःप्राप्ती केन्द्र (Resource Recovery Center) को रुपमा संचालन गर्न पुनः प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र सामाजिक प्रभाव विश्लेषण (SIA) तयार गर्न परामर्श सेवा खरिद गरी गर्ने निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागी सरसफाई कर्मचारीहरुलाई तपसिल बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

क. एघारौं नगर सभाको निर्णयबाट २ जना कुचिकारहरु उमेरहदको कारणले अवकास भएको र फोहोर संकलन कार्यको लागी कम्तिमा थप ३ जना कर्मचारी आवश्यक भएकोले सिमित दैनिक ज्यालादारीमा नेपाल सरकारले तोकेको न्यूनतम ज्याला उपलब्ध गराउने गरी ३ जना कुचिकारलाई कामकाजमा खटाउने ।

ख. बजार क्षेत्र, गुद्री बजार, बसचोक क्षेत्रमा सरसफाई गर्न (झाडु लगाउने, माटो तथा घाँसपात सफा गर्ने आदि) ४ जना कुचिकारहरुलाई सेवाकरारमा कार्यालय समयावधी भरी (७ घण्टा) कामकाजमा खटाईएकोमा निजहरुले विहानको समयमा मात्र (करिव २ देखि २:३० घण्टा) कामकाजमा गर्ने र सो पश्चात बजार पसल खुले पछि माथि उल्लेखित कार्यहरु गर्न असहज हुने भएकोले नगरलाई सफा र सुन्दर राख्न तपसिल बमोजिम कर्मचारी व्यवस्थापन गर्ने ।

तपसिलः

- ४ जना कुचिकारलाई कार्यालय समयसम्म (Full time) खटाउनुको सट्टा निजहरुको सेवाकरार भंग गरी सिमित दैनिक ज्यालादारीमा (hour basis) निजहरु सहित १२ जना कुचिकारलाई मासिक रकम रु.१०,०००।०० विहानको समयमा २ घण्टा ३० मिनेट मात्र कामकाजमा खटाउने ।
- निज कुचिकारहरुको कार्य विभाजन निम्नानुसार गर्नेः
  - निश्चित क्षेत्र तोकेर कामकाजमा खटाउने
  - उक्त सडक क्षेत्रमा झाडु लगाएर फोहोरलाई एकिकृत राख्ने र सम्भव भएसम्म नजिकको डस्टविनमा राख्ने,
  - उक्त सडक क्षेत्रको माटो तथा झारपातविरुवा आदि समेत दैनिक , ,रुपमा सफा गर्नु पर्ने
  - आफुलाई तोकेको काम विहानको ७:३० बजे भन्दा अगाडि सम्पन्न गर्नुपर्ने ,

**निर्णय नं.४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८० को दफा १९ मा नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाइका लागि नगरपालिकाले सार्वजनिक नीजि साझेदारीको अवधारणामा कार्य गर्न/गराउन सक्नेछ भन्ने उल्लेख भएकोले फोहोरमैला व्यवस्थापन कार्य गर्न इच्छुक संस्था/फर्महरुसंग e-bidding मार्फत Expression of Interest (EOI) माग गर्न अनुसूची-१ बमोजिमको TOR स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा इनरुवा नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट जारी हुने चिठ्ठी पत्र, सिफारिस, दर्ता, चलानीलाई छिटोछरितो, व्यवस्थित तथा पारदर्शी बनाउन मिति २०८०।६।१४ गते आइतवारबाट Office Automation System (ई-सिफारिस, ई-दर्ताचलानी आदि) प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.६.** प्रस्ताव नं. ६ विविध विषय माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

क. इनरुवा नगरपालिकाको बजार क्षेत्रलाई सौन्दर्यीकरण गर्न इनरुवा नगरपालिका वडा नं. ४ बस चोकदेखि १ नं. वडा कार्यालयसम्म, सखुवागाछी चोकदेखि बबिया चोकसम्म, सखुवागाछी चोकदेखि टेम्पोस्टेसन हुँदै अस्पतालगेटसम्म सडकको दुबै पट्टीको एजिङ्गमा रंगरोगन गर्ने, विरुवा रोप्ने, विजुली बत्ती लगाउने लगायतका कार्य गर्ने । साथै इनरुवा स्थित बैंक तथा वित्तिय संस्थाहरुलाई कर्पोरेट सामाजिक उत्तरदायीत्व अन्तर्गत उल्लेखित कार्य गर्न अनुरोध गर्ने ।

ख. इनरुवा नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि,२०८० को दफा ३ बमोजिम स्थानीय बाल अधिकार समितिमा रिक्त रहेको सदस्य मध्ये बालमनोविज्ञमा विशेश्वर मेहता, देवान्गंज गा.पा. वडा नं. १, सुनसरीलाई मनोनयन गर्ने ।